## Annexure 1

## Terms and Conditions

# यस कर्जामा लागु हुने शर्त तथा नियमहरु

१) बैंकले तोकेको कर्जा भुक्तान गर्ने समय सीमा बमोजिम वा बैंकले माग गर्ना साथ यस कर्जासंग सम्बन्धित सावा, व्याज, हर्जाना एवम् तोकिए बमोजिमको सबै रकम तिर्न बुझाउन कबुल गर्दछु। यसमा ऋणी भन्नाले यस प्रकृया बमोजिम बैंक मार्फत कर्जा लिएको कर्जाको ग्राहकलाई बुझाउँदछ।

२) बैंकले तोकिदिएको भाखा भित्र अनिबार्य रुपमा कर्जा सुबिधा अर्न्तगतको ऋण रकम बुझाउनका लागि मैले/हामीले तपाँई धनी बैंकमा खोलेको खातामा पर्याप्त रकमको व्यवस्था गर्नेछु। मैले बैंकमा खोलेको उक्त खातामा खर्च जनाई (डेबिट गरि) यस्तो ऋण रकम सिधै असुल गर्ने अधिकार मैले बैंकलाई प्रदान गरेको छु। ऋण रकम असुल गर्दा सर्बप्रथम पाकेको ब्याज, अन्य दस्तुर र त्यसपछि साँवा रकम असुल उपर गरेमा मञ्जुरी जनाँउदछु। निर्धारित मितिमा मैले कर्जाको भुक्तानी नगरी सांवा वा ब्याज वा सांवा तथा ब्याज दुवै बक्यौता राखेमा सो बक्यौता रहेको अवधि भर साबिकमा लागेको ब्याजदरमा थप २ प्रतिशत प्रतिवर्ष वा बैंकले समय समयमा तोक बमोजिम हर्जाना ब्याज (Penal Interest) लाग्ने र सो बमोजिम हुन जाने रकम तिर्न बुझाउन सहमति जनाँउदछु।

३) कर्जाको किस्ता रकम चुक्ता/ भुक्तान गर्ने भाका नाघेको मिति पछिको ७ (सात) दिन सम्म पनि म/हामी ऋणीले किस्ता रकम चुक्ता भुक्तान नगरेमा हर्जाना शुल्क वाफत रु.७५०।- वा सावा रकमको २% मध्य जुन बढी हुन्छ सो बमोजिम तिर्न बुझाउँन सहमति जनाँउदछु।

४) ऋणमा लाग्ने ब्याजदर र/वा बैकिङ्ग सुबिधा वापत लाग्ने विभिन्न दस्तुर, कमिशन, ब्याज एवम् शुल्कहरु बैंकले आफनो निर्णय बमोजिम ऋणीलाई पूर्व जानकरी दिई कुनैपनि बेला परिवर्तन गर्न र/वा शुल्क लगाउन सक्ने र बैंकले परिवर्तन गरे बमोजिमको ब्याजदर, अन्य दस्तुर, कमिशन एवम् शुल्कहरु तिर्न बुझाउन मञ्जुरी जनाउँदछु।

५) ऋणी लगातार ३ महिना सम्म शुक्ष्म निगरानी (Watchlist) समुहमा रहेमा स्वीकृत कर्जा नवीकरण, थप कर्जा तथा नयाँ कर्जा उपलब्ध गराईने छैन।

६) प्रचलित कानुन, नेपाल राष्ट्र बैंकको निर्देशन तथा बैंकको नीति, नियम तथा सो मा समय समयमा हुने संशोधन पालना गर्न मन्जुर गर्नुका साथै माथि उल्लेखित सम्पूर्ण ऋण, कर्जा र / वा सुविधा तथा कर्जाको असुली सम्बन्धी व्यवस्था बमोजिम बैंकले कर्जाको असुली सम्बन्धमा चाल्ने प्रक्रियामा समेत सहमति जनाउँदछु।

७) प्रचलित कानुन बमोजिम तिर्नु बुझाउनुपर्ने सम्पूर्ण कर, शुल्क, दस्तुर, रकम समयमै तिरी बुझाई व्यहभार रहित हुने कुरामा ऋणी मन्जुर छ।

८) माथि उल्लेखित ऋण कर्जा सुविधाहरु भाका नाघेको अवस्था वा अन्य कुनै विशेष परिस्थितिमा तथा उपयुक्त कारण दर्शाई वा नदर्शाई बैंकले ऋणीलाई कुनै पनि बेला तिर्न बुझाउन लगाउने तथा ऋणीको नाममा बैंकमा रहेको कुनै पनि प्रकारको निक्षेप (मुद्दती निक्षेप समेत) तरलीकृत गरी वा बैंकले ऋणीको नाममा जनाएको दायित्व रकम आम्दानी जनाई ऋण रकम असुल उपर गरिलिन सक्ने अधिकार बैंक स्वयम्मा निहित रहनेमा सहमति जनाँउदछु।

९) ऋणी विरुद्धमा कुनै पनि किसिमको कानूनी कारवाही चलिरहेको छैन भन्ने कुराको ऋणी स्वघोषणा गर्दछ।

१०) कालोसुचिमा परेको छैन भन्ने कुराको ऋणी स्वघोषणा गर्दछ ।

११) बैंकले प्रचलित कानुन उल्लेख गरेको वा नेपाल राष्ट्र बैंकको निर्देशनमा उल्लेख गरेको अवस्था परेमा ऋणी लगायत सम्पूर्ण सम्बन्धित पक्ष वा व्यक्तिहरु उपर कुनै पनि किसिमको कानूनी कारवाही चलाउन वा कालोसूचीमा राख्नको लागि सम्बन्धित निकायमा सिफारीस गर्न सक्ने कुरामा ऋणीको मन्जुरी छ ।

१२) बैंकले ऋणीको नाममा दर्ता रहेको QR Merchant मार्फत भएको कारोबारको अध्ययन गरी बैंकको निती नियम बमोजिम कर्जा रकम प्रवाह गरेकोमा सो QR मार्फत भएका कारोबारहरु नेपालको कानुनले मान्य हुने भनी तोकिदिएको कारोबारहरु मात्र भएको र सो कारोबारहरु ऋणीकोनै रहेका भनी स्वघाषणा गर्दछु ।

१३) बैंकबाट कर्जा तथा अन्य बैंकिङ्ग सुबिधा प्राप्त गर्नको लागि ऋणीले बैंक समक्ष पेश गरेको सम्पुर्ण ब्यहोरा तथा जानकारीहरु ठीक साँचो र सत्य छन भन्ने कुराको ऋणी प्रतिज्ञा गर्दछ ।

१४) म ⁄ हामी ऋणीले कुनै पनि प्रकारको QR Loan अन्य बैंक र/ वा वित्तीय संस्थाबाट माग गर्ने छैन ⁄ छैनौं ।

१५) बैंकले कुनै पनि परिस्थितीवश आफ्नो लेना रकम असुल उपर गर्ने स्थिति आएमा मेरो व्यक्तिगत वा व्यवसायको नाममा कायम भएको बचत, मुद्दति वा अन्य रकमबाट कुनै पनि समयमा वा कर्जा / सुविधाको म्याद सकिनु पूर्व सुचित गरी वा नगरी जुनसुकै अवस्थामा आफ्नो बाँकी सम्पुर्ण लेना रकम असुल उपर गरेमा म ऋणीलाई कुनै आपत्ती हुने छैन । कथमकदाचित् बैंकको लेना रकम असुल उपर हुन नसकेको अवस्थामा ऋणीको नाममा बैंकमा रहेको अन्य निक्षेपहरुबाट र / वा अन्य बैंक र / वा वित्तीय संस्थामा रहेको निक्षेपबाट र / वा म ऋणी स्वयंको नाममा रहेको व्यवसाय स्थलमा रहेको वा हक लाग्ने जुनसुकै चल अचल सम्पत्तिबाट, म ⁄ हामी ऋणीको हक कायम भएको वा भविष्यमा हक कायम भएर आउने घरजग्गा, शेयर, सामानको मौज्दात लगायत अन्य सम्पत्तिबाट प्रचलित कानून बमोजिमको ऋण असुलीको प्रक्रिया अपनाई असुल उपर गरेमा म/ हाम्रो पूर्ण मन्जुरी रहनेछ । यस्तो अवस्थामा बैंकले सुरु गरेको ऋण असुली प्रक्रियामा म ⁄ हामी ऋणीले कुनै किसिमको बाधा व्यवधान खडा नगर्ने प्रतिबद्धता जनाँउदछु । यदि गरेमा यसै स्वघोषणा बमोजिम हुनेमा मञ्जुरी जनाँउदछु । बैंकले ऋण असुली प्रक्रिया अवलम्बन गर्नुपर्ने अवस्थामा यसै स्वघोषणा तथा शर्त बन्देजमा उल्लेखित व्यवस्थाहरुले प्रचलित कानून बमोजिम आवश्यक पर्ने कर्जा तमसुक, प्रतिज्ञा पत्र लगायतका अन्य सम्पुर्ण कागजात सरहको बैद्यता रहनेमा म ⁄ हामी ऋणी मञ्जुरी जनाँउदछु तथा मैले ⁄ हामीले स्वीकार गरेको शर्त बन्देजहरु म ⁄ हामी स्वयमले हस्ताक्षर गरे सरह नै बैद्य रहनेमा म ⁄ हामी मञ्जुरी जनाँउदछु ।

१६) मैले ⁄ हामीले बैंकबाट कर्जा उपभोग गरेको एवं कर्जा कारोबार स्थापित गर्ने कागजात तथा विवरणहरुमा धनी बैंकले मेरो खातामा प्रवाह गरेको कर्जा खाताको विवरण, सो प्राप्तिका लागि विद्युतीय माध्ययमबाट मैले ⁄ हामीले गरेको यसै निवेदन तथा यसै शर्त तथा बन्देजहरुमा लेखिए बमोजिम हुने र बैंकले सोही आधारमा प्रचलित कर्जा कारोवारसंग सम्बन्धित कानूनको अधिनमा रही कानूनी कारवाही गर्न सक्नेमा मञ्जुरी जनाँउदछु । पछि मेरो ⁄ हाम्रो मञ्जुरी थिएन वा सहमति थिएन भनी कहि कतै उजुर बाजुर गर्ने छैन । गरेमा यसै शर्त बमोजिम होस भनी मञ्जुरी जनाँउदछु ।

१७) माथि उल्लेखित शर्तहरु पढीवाँची परिणाम अर्थ समेत बुझी ऋणीको मनोमान राजि खुशीले विद्युतीय रुपमा सहमति जनाएको छु । यसै सहमति नै प्रचलित कानून बमोजिम कर्जा उपभोग र कर्जाको भुक्तानी तथा असुली सम्बन्धमा पुरा गर्नुपर्ने प्रक्रिया हुने र सोही बमोजिम संचालिन हुने समेत सहमति जनाउँदछु ।